# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६) काठमाडौं, असार २३ गते २०४३ साल (संख्या १३

## भाग ३

श्री ५ को सरकार

### सञ्चार मन्त्रालयको सूचना

सञ्चार संस्थान ऐन, २०२८ को दफा ३ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायबमोजिमको संस्थानको स्थापना र गठन गरेको छ ।

१. संस्थानको नाम:– "नेपाल टेलिभिजन" रहेको छ ।

२. संस्थानको मुख्य कार्यालय:– नेपाल टेलिभिजनको मुख्य कार्यालय काठमाडौंमा रहनेछ ।

३. संस्थानको उद्देश्य:– अन्तर्राष्ट्रिय प्रविधिको विकास र समयको बढ्दो मागलाई दृष्टिगत गरी टेलिभिजन प्रसारणको माध्यमद्वारा नेपालको सांस्कृतिक सम्पदा, प्राकृतिक स्रोतको संरक्षण र राष्ट्रिय हितको विकास गर्नको लागि नेपालमा टेलिभिजन प्रसारणलाई सुचारू रूपले सञ्चालन र विस्तार गरी जनमानसमा राष्ट्रिय चेतनाको अभिवृद्धि गर्नु हुनेछ ।

४. संस्थानको काम कर्तव्य:– (१) व्यावसायिक सिद्धान्तको अनुशरण गरी अधिराज्यभर टेलिभिजन सेवा पुर्‍याउनु यस संस्थानको कर्तव्य हुनेछ ।

१८६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) सञ्चार संस्थान ऐन, २०२८ को अधीनमा रही संस्थानले निम्नलिखित कार्यहरू गर्न सक्नेछ–

(क) आत्मनिर्भरता हासिल गर्न सचेष्ट हुने ।

(ख) टेलिभिजन सेवाको स्तर बढाउन संस्थानको कार्य सञ्चालनमा सुधार ल्याउने ।

(ग) संस्थानको व्यावसायिक कार्यक्रमको प्रवर्द्धन गर्ने ।

(घ) श्री ५ को सरकारबाट प्राप्त निर्देशनको अधीनमा रही संस्थानको नीति निर्धारण गर्ने र त्यसको कार्यान्वनका लागि आवश्यक कदम उठाउने ।

(ङ) नेपाल अधिराज्यको सबै ठाउँमा टेलिभिजन कार्यक्रम प्रसार हुने आवश्यक व्यवस्था मिलाउने ।

५. **सम्पत्तिको हस्तान्तरणः–** नेपाल टेलिभिजन परियोजनाको नाउँमा रहेको सबै चल तथा अचल सम्पत्ति संस्थानलाई हस्तान्तरण गरिनेछ ।

६. **नेपाल टेलिभिजन परियोजनासंग भएको ठेक्का पट्टा आदि संस्थानसंग भएको मानिनेः–** नेपाल टेलिभिजन परियोजनासंग भए गरेको सबै ठेक्का पट्टा सम्झौता, लेनदेन र कारोवार संस्थानसंग भए गरेको मानिनेछ ।

आज्ञाले,
विष्णुप्रताप शाह
श्री ५ को सरकारको सचिव

२४८



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।